श्री

उच्च अदालत पाटन

संयुक्त वाणिज्य इजलास

इजलास नं. ६

माननीय न्यायाधीश श्री ऋषि राजभण्डारी

माननीय न्यायाधीश श्री सोमकान्त मैनाली

आदेश

मुद्दा नं.:-०८२-CB-००४८

नेपाल राष्ट्र बैंक समेतको जाहेरीले नेपाल सरकार...........................................वादी

विरुद्ध

दीपक भट्ट/ सुलभ अग्रवाल.................................................................प्रतिवादी

मुद्दाः बैंकिङ्ग कसूर।

आज अभियोगपत्रसाथ उपस्थित प्रतिवादी दीपक भट्ट र सुलभ अग्रवालको बयान कार्य सम्पन्न भई थुनछेक प्रयोजनार्थ पेश हुन आएको प्रस्तुत मुद्दामा अभियोग पत्रसहित मिसिल अध्ययन गर्दा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्वान उप-न्यायाधिवक्ता श्री शान्ती प्रसाद शर्मा र सहायक न्यायाधिवक्ता श्री शुरबहादुर परियार तथा प्रतिवादीमध्येका सुलभ अग्रवालको तर्फबाट उपस्थित विद्वान बरिष्ठ अधिवक्ताहरु श्री सतिषकृष्ण खरेल र श्री सुरेन्द्र कुमार महतो तथा विद्वान अधिवक्ताहरु श्री समिर झा, श्री रमण कुमार कर्ण र श्री दिनेश रोक्का तथा अर्का प्रतिवादी दीपक भट्टको तर्फबाट उपस्थित विद्वान अधिवक्ता बरिष्ठ अधिवक्ता श्री सुरेन्द्र भण्डारी तथा विद्वान अधिवक्ताहरु श्री महेश थापा, श्री लोकहरि पौडेल, श्री मिनु गिरी र श्री इच्छा घिमिरेले गर्नुभएको बहस समेत सुनियो।

यसमा जगदम्बा स्टिल लिमिटेड कम्पनीले कन्सोरियम बैंकको तर्फबाट नेपाल इन्भेष्ट बैंकबाट Working Capital Loan लिएको र बैंकले प्रदान गरेको सो ऋण जग्गा खरिद गर्ने प्रयोजनको निमित्त प्रयोग गरेको भनी वित्तिय कारोबार अनुगमन गर्ने साधिकार निकाय नेपाल राष्ट्र बैंकको प्रतिवेदनमा उल्लेख गरेको देखियो। उक्त ऋण जगदम्बा स्टिल लिमिटेडले प्रतिवादी मध्येका दीपक भट्टको जग्गा खरिद गर्न वैना गरेको तर पछि कम्पनीले जग्गा खरिद गर्न असमर्थ भएको भनी जग्गा खरिद विक्री गर्ने कार्य पुरा नभएको भन्ने तथ्यमा विवाद देखिएन। जग्गा खरिद गर्ने जगदम्वा स्टिल कम्पनीको तर्फबाट चेक जारी गर्ने अख्तियार प्रतिवादी सुलभ अग्रवाललाई प्रदान भै निजको

Scanned with CamScanner

हस्ताक्षरबाट चेक जारी गरेको भन्ने व्यहोरा यी प्रतिवादीले गरेको बयानबाट गरेको देखिँदा यी प्रतिवादी सुलभ अग्रवालले गरेको कार्य बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ को दफा ८ को प्रतिकूल हुन गएको देखिएकोले यी प्रतिवादीलाई तत्काल बेकसूर मात्र सकिने स्थिति नदेखिएको र अर्का प्रतिवादी दीपक भट्टले गरेको बयान हेर्दा निजले बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ को दफा ८ को प्रतिकूल कार्य गर्नमा निजको समेत भुमिका रहेको भन्ने मिसिल संलग्न कागजातबाट देखिएको हुनाले यी प्रतिवादीहरुलाई पछि ठहरे बमोजिम हुने नै हुँदा हाल पुर्पक्षका.लागि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ बमोजिम थुनामा राखी पुर्पक्ष गर्नुपर्ने भएकोले यी प्रतिवादी सुलभ अग्रवाल र दीपक भट्टलाई थुनुवा पुर्जी दिई सम्बन्धित कारागार कार्यालयमा पठाईदिनू।

न्यायाधीश

न्यायाधीश

इति सम्वत् २०८३ साल असार ५ गते रोज ६ शुभम्.............................................।

आदेश सुनी सही गर्नेः

निज प्रतिवादीहरु- सुलभ अग्रवाल, दीपक भट्ट

CS Scanned with CamScanner